मर्कन्टाईल एक्सचेन्ज नेपाल लिमिटेड
जहाँ गर्छ राष्ट्रले कारोबार
आइ.एस.ओ. ९००१:२०१५ बाट मान्यता प्राप्त एक्सचेन्ज

# कारोबार सुरु गर्नु पूर्व, थाहा पाउनुपर्ने कुरा ।

१. तपाईलाई एक ग्राहक कोड (Unique Client Code) दिइन्छ । बैंक वा ई-सेवा खातामा रकम जम्मा गर्दा जहिले पनि "ग्राहक कोड - ग्राहकको नाम" को प्रयोग गर्नुहोस् । उदाहरणका लागि: ४००१००१ - राम शाह ।

२. कारोबार गर्नका लागि क्लियरिङ हाउस (CH) को सेग्रिगेट खातामा मात्र रकम जम्मा गर्नुहोस् र तपाईले ग्राहक दर्ता फारम (CRF) मा जुन "बैंक" वा "ई-सेवा" खाता उल्लेख गर्नुभएको छ, उहि बैंक वा ई-सेवामा मात्र रकम जम्मा गर्नुहोस् ।

३. कारोबार गर्नका लागि जहिले पनि CRF मा उल्लेखित खाता नं मात्र प्रयोग गर्नुहोस् । नगद राफसाफ हुने "Futures + Spot Products", "Options" र भौतिक हस्तान्तरण "Physical Delivery" हुने वस्तुको कारोबारका लगि छुट्टाछुट्टै हिसाब गरिन्छ । त्यसकारण सम्बन्धित वस्तुका लागि सम्बन्धित ग्राहक कोड नै प्रयोग गर्नुहोस् ।

४. मार्जिन थप वा मार्जिन कलका लागि प्रत्येक रकम जम्मा भए पश्चात् सोको जानकारी क्लियरिङ हाउसलाई आफ्नो ब्रोकर मार्फत् टेलिफोन गरी वा सिधै क्लियरिङ हाउसलाई Trading Console मा उपलब्ध New Deposit ट्याब मार्फत् जानकारी दिनुहोस् ।

५. जम्मा गरिएको रकम Trading Console मा प्रतिबिम्बित हुनका लागि प्रत्येक रकम जम्मा भएको जानकारी CH लाई दिनैपर्छ । तपाईले जम्मा गरेको रकम तपाईको Trading Console मा सहि रुपमा र सहि समयमै प्रतिबिम्बित भएको छ वा छैन भनि यकिन गर्नु तपाईको जिम्मेवारी हो ।

६. तपाईको Trading Console मा उपलब्ध मार्जिन (Available Margin) कारोबार समयको अन्त्यमा नकारात्मक हुन गएमा तपाईलाई मार्जिन कल जारी गरिनेछ । Trading Console को Messages भित्र मार्जिन कलको सूचना हेर्न सकिन्छ ।

७. मार्जिन कलको रकम नेपाली समयानुसार ३ बजे अगावै जम्मा गरिसक्नुपर्छ । तपाई अथवा तपाईको ब्रोकरले उक्त रकम जम्मा भएको जानकारी पनि ३ बजे पूर्व CH लाई दिइसक्नुपर्नेछ ।

८. तोकिएको समयको अन्तिमतिर रकम जम्मा गर्दा, ढिलाईका कारण कराहरु Liquidation हुने सम्भावना प्रवल हुने हुनाले मार्जिन कल रकम जम्मा सँधै दिनको सुरुवाती समयमा गर्नुहोस् ।

९. मार्जिन मागबाट हुने करार परिसमापन [Margin call cut off time] नेपाली समय दिउँसो ४ बजे शुरु हुनेछ । यदि उक्त समयमा उपलब्ध मार्जिन (Available Margin) १ पैसाले पनि नकारात्मक छ र तपाईले उक्त रकम जम्मा गर्नुभएको छैन वा आंशिक रुपमा जम्मा गर्नुभएको छ भने पनि उपलब्ध मार्जिन (Available Margin) सकारात्मक हुन्जेल सम्म खुला करारहरु Liquidation गरिनेछन् ।

१०. यदि तपाईको Trading Console मा इक्विटि (Equity), 'Used Margin' को ४% + आधा कमिशन (बाँकि कमिशन) वा रु १०० + आधा कमिशन (बाँकि कमिशन) जुन बढी त्यहिसम्म पुग्न गएमा तपाईको इक्विटि हिट हुनेछ ।

११. इक्विटि हिटको समयमा, खुला करारहरु विध्यमान बजारको मूल्यमा Liquidation गरिनेछ भने, सबै Pending order हरु खारेज गरिनेछ । तपाईको Trading Console मा इक्विटि, बजारस्थिति अनुसार नकारात्मक पनि हुन सक्दछ ।

१२. इक्विटि हिट एक अप्रत्यासित अवस्था हो र त्यस्तो अवस्थासम्म नपुग्न आफ्नो Trading Console मा पर्याप्त रकम जम्मा गर्नु तपाईको दायित्व हो ।

* यि मात्र केहि महत्वपूर्ण बुँदाहरु हुन् । मेक्स नेपालको वेभ साइट http://www.mexnepal.com/webpages/client_handbook.html मा नेपाली तथा अँग्रेजी सँस्करणमा उपलब्ध ग्राहकको हाते किताब (Client's Handbook) हेर्न अनुरोध गरिन्छ ।